"शिक्षा, कृषि, स्वास्थ्य, पर्यटन र पूर्वाधारः ताँजाकोट गाउँपालिका विकासको मूल आधार"

# ताँजाकोट गाँउपालिका

## चाखुरे, हुम्ला

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

## आ.व. ०८३/८४को वार्षिक नीति तथा कार्यक्रम

१९औं अधिवेशन

ताँजाकोट गाँउपालिका
चाखुरे, हुम्ला

सभाका उपाध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,
राजनीतिक दलका प्रतिनिधी, बुद्धिजीवी वर्ग, समाजसेवी तथा न्यायप्रेमी आम जनसमुदायहरु
सम्पूर्ण राष्ट्र सेवक कर्मचारी, सूरक्षाकर्मी, शिक्षकवर्ग
पत्रकार तथा मिडियाकर्मी

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु।

नेपालको ईतिहासमा जनताको सार्वभौम सत्ता समेतको समावेशी एवं समृद्ध राष्ट्र निर्माणको अभियानमा ताँजाकोट गाउँपालिका लगायत देशभरिका न्याय प्रेमी जनताको अविस्मरणीय योगदानको कदर गर्दै वर्तमान धरातलमा उभिएर नयाँ इतिहासको रचना गर्ने बेला आएको छ। यस ऐतिहासिक जिम्मेवारीलाई पुरा गर्नका लागि उच्च संकल्पका साथ समृद्ध ताँजाकोट सुखी ताँजाकोट बासी भन्ने मुलमन्त्रलाई आत्मसाथ गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणका लागि स्थानीय सरकारको दोश्रो कार्यकालको पाँचौ पटक आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागेको छु । यस सुखद अवसरमा नयाँ इतिहास रचना गरेको महान जनयुद्ध लगायत विभिन्न समयमा भएका ऐतिहासिक राजनैतिक घटनाक्रममा भएका जनआन्दोलन र विशेषत पछिल्लो भाद्र २३-२४ गते भएको नवयुवा आन्दिलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गरी नेपाली जनतालाई एकतन्त्रिय जाहाँनिया शासन तथा अन्य निरंकुस सामान्ति शासन व्यवस्थाको पन्जाबाट नेपाली जनताहरुलाई मुक्ति दिलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मा रुपान्तरण गर्नहुने महान वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।साथै वेपत्ता, घाइते, अपाङ्ग र नेपाली जनताको सदिऔं देखिको परिवर्तनको सपना साकार गर्ने पार्ने कामको पहल कदमी लिने अग्रणी नेतृत्व प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।यस गाउँ सभाका सदस्य ज्युहरु
सुन्दर, समुन्नत र समृद्ध ताँजकोट गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा जनताहरु र मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८३/८४ को नीति तथा कार्यक्रमको लक्ष्य लिएका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, दलित गरिव र पिछडिएका मानिसहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने

र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

(ख) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध, अमेरिका र इरानको युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको आर्थिक संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्पविकसित मुलुकवाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनउत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिव्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल राष्ट्रिय लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि विद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा व्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

(ग) विकास तथा समृद्धिको लक्ष्य प्रासिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरुः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित १५ वटा साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून, नियम, नियमावली र कार्यविधि निर्माण गर्नु, योजना तर्जुमाको अभ्यास हुनु ।
३. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
४. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
५. गाउँपालिका भित्रका ५ वटै वडाहरुका २४ घण्टा बिजुली बत्ती र इन्टरनेटको सुविधा हुनु

६। सडक निर्माणमा भएको लगानीसंगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजारीकरण गर्न सहज पहुँच स्थापित हुनु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछन:

१। रोजगारउन्मुख, सीपमूलक शिक्षाको विकास गर्नु ।

२। स्थानीय उत्पादनलाई सहज तरिकाले कम लागतमा किसानका उपजहरु बजारिकण गर्नु

३। उन्नत जातका बीउबिजन समयमा नै प्रत्येक किसानलाई उपलब्ध गराउनु ।

४। युवा जनशक्तिलाइ व्यवसाय कृषि तथा सिपमूलक काम प्रति आकर्षित गर्नु ।

५। किसानले उत्पादन गरेका उपजहरुको बिक्रिको ग्यारेन्टी गरि व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६। वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई साना तथा मझौला उद्यममा प्रयोग गर्नु।

७। गाउँपालिकाको आफ्नै श्रोत प्रदेश सरकार र संघीय सरकारबाट निर्माण भएका सम्पूर्ण पूर्वाधारहरुको दिगो व्यवस्थापनका लागि पालिका स्तरीय मर्मत संभार कोष उक्त योजनाहरुको दिगोपन कायम राख्नु ।

८। सडक लगायतका पूर्वाधारका योजनाहरुको निर्माण गर्दा डिजाइन तथा ड्रइङ विना गरिने संरचना निर्माणको कार्यलाई रोक्नु ।

९। भिरालो ठाउँ, बाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोकी भौगोलिक रुपमा मानव वस्ती बस्न उपयुक्त ठाउँहरुमा बस्ती स्थानान्तरण गर्नु

१०। पुराना परम्पराबादी तरिकाले निर्माण गरिएका आवासहरुलाई बिस्थापित गरी आधुनिक र भुकम्प प्रतिराधी भवन निर्माण सहिंताले तोके बमोजिमका आवासहरु निर्माण गर्नु ।

११। बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग नीति तर्जुमा गरी कार्यान्वयन गर्नु गराउनु ।

१२। सञ्चार सेवा प्रदायक संस्थाहरूबाट उपलब्ध सेवालाई थप प्रभावकारी र समय सान्दर्भिक स्तर तथा क्षमता विकास गर्नु ।

१३। प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुङ्गा बालुवा) को मापदण्ड अवलम्बन गरि अनियन्त्रिक तरिकाले भएको अत्यधिक दोहन रोक्नु ।

१४। विभिन्न समयमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु,

**घ (नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू) संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि**

लालकेशरी
अध्यक्ष

नेपालको संविधानमा स्थानीय तह सम्बन्धी भएको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७६ तथा नियमावली २०७६ राष्ट्रिय योजना आयोगले समय समयमा जारी गरेका निर्देशनहरु स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

सोह्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना , गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी व्यवस्था समेतलाइ आधार मानि यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका निर्माण व्यवसायी , आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी, व्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदार निकायहरूका बिचको समन्वय सद्भाव सहकार्य र हार्दिकता निरन्तर रुपमा रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले नेपालको संविधानमा तथा अन्य कानुनहरुमा उल्लेख भएका कानुनी प्रावधानहरुलाई दृष्टिगत गरि समग्र पालिकाको कानुन निर्माण गरी पालिकाको अभिभावकीय अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी दायराभित्र रही जनप्रतिनिधीहरुद्धारा निर्मित कानुन तथा कार्यविधिहरु कार्यान्वयन गरी सार्वजनिक सेवा प्रदान गर्ने हो। आम नागरिकहरुले रचनात्मक साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अनुसरण गर्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक गरि छरितो एवं चुस्त संगठन संरचना निर्माण मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्यायी वनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रको समृद्ध, समावेशी, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

**(ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायातः**

लालकेश जैसी
अध्यक्ष

यस गाउँपालिका रिङ्गरोड सहित सहायक रोड गरि कुल ५७ किमि कच्ची सडक रहेको छ । गाउँपालिकाका सबै वडामा सडकको पहुँच पुगेको छ। गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ । गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएको छ । हाल भएका सडक संरचनाहरुलाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सह लगानीमा स्तरबृद्धि गरि ग्राबेलिङ र कालोपत्रे सडक निर्माणलाई विशेष प्राथमिकता दिइने छ ।

**सिंचाइः**

गाउँपालिकाका भित्रका अन्न भण्डारको रुपमा परिचित भकारे पैमा सिचाइ कुलो, , घटमुना सिंचाई कुलो, हुनगाड सिचाई कुलो मध्ये केहि सिंचाई कुलाहरु आधुनिक तरिकाले निर्माण सम्पन्न भइ सकेका , केहि निर्माणको क्रममा रहेका र बाँकी रहेका सिचाई कुलाहरु विभिन्न साझेदार निकायसँगको सझेदारीमा यसै आर्थिक वर्षमा निर्माण कार्यलाई अगाडि बढाइने नीति लिइने छ । जलवायु परिवर्तनको असरबाट अधिकांश पानीका मुहानहरु सुक्दै गइ रहेका कारण पानीको श्रोतलाई उच्चतम उपयोग गर्ने उद्देश्यका लागि बिभिन्न ठाउँमा सिंचाई पोखरीहरुको निर्माण गर्ने कार्यको थालनी गरिने छ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह, ) का क्षेत्रमा भएका उपलब्धी**

देशभरमा रहेका हरेक स्थानीय तहमा विभिन्न शैयाका अस्पातल निर्माण गरि दुरदराजमा बसोबास गर्ने हरेक नागरिकलाई सहज र सरल तरिकाले संविधान प्रर्दत्त मौलिक स्वास्थ्य सम्बन्धि हक अधिकारलाई प्रत्याभुति गराउन यस गाउँपालिकाले १० शैया अस्पतालको निर्माण कार्य अगाडि बढि रहेकौ छ । हाल निर्माणाधिन उक्त १० शैया अस्पतालको निर्माण कार्य छिटो सम्पन्न गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरि यस आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको छ ।

विकास निर्माण लागयतका विभिन्न क्षेत्रमा महिलाहरुको संलग्नता बढेको छ । युवाहरूलाई उत्पादन मुलक काम र खेलकुदमा संलग्नता बढाउनका लागि तत्काल उत्पादन दिन सक्ने किसिमका योजना तथा कृषि कार्यलाई अगाडी बढाइने छ ।

गाउँपालिकाको दैनिक आर्थिक र प्रशासनिक कार्यसम्पादनका लागी गाउँपालिकाको आफ्नै स्वामित्वको प्रशासकीय भवन निर्माणाकको काम सम्पन्न भइ आफ्नो कार्यालयबाट दैनिका कामकाज संचालन हुदै आएको छ ।

सबै वडामा आफ्नै स्वामित्व भएको वडा कार्यालयकाको कच्ची भवन निर्माण भइ सोही भवनबाट दैनिक कार्य संचालन हुँदै आएको छ । अब उक्त सबै वडा कार्यालयहरुलाई यसै आर्थिक वर्षबाट आधुनिक र सुविधा सम्पन्न पक्की भवन निर्माण गरि सरल सहज तरिकाले जनताको सेवा प्रवाहलाई प्रभावकारी बनाइने छ ।

यस पालिकाका सबै वडाहरुमा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन भएको छ । जसमा वडा नं ५ र २ मा स्वास्थ्य चौकी छन भने वडा नं १, ३ र ४ मा सामुदायिक स्वास्थ्य इकाई संचालन हुदै

अध्यक्ष

आएका छन । दुई वटै स्वास्थ्य चौकीले सुरक्षित प्रसुति सेवाको काम गर्दै आएका छन । उक्त प्रसुति सेवा संचालन भएका स्वास्थ्य संस्थाहरुको थप सुदृढिकरण गरिने छ । आवश्यक औजार तथा उपकरणको व्यवस्था गरिने छ भने प्रसुति सेवा संचालन भएका मदाना स्वास्थ्य चौकी र मैला स्वास्थ्य चौकीबाट लामो दुरीमा रहेका वडा नं १ को भैंसावाझ सामुदायिक स्वास्थ्य इकाई र गोठेलवाडा सामुदायिक स्वास्थ्य इकाईमा थप प्रसुति सेवा संचालनका लागि आवश्यक भौतिक पूर्वाधार बिकासका लागि प्रदेश विशेष अनुदानबाट बिनियोजन भैसकेको हुनाले उक्त कार्यलाई सिघ्र अगाडि बढाइनेछ । साथै सुत्केरी सेवामा निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

यस गाउँपालिकाका सवै सामुदायिक बिद्यालयमा गाउँपालिकाको स्थानीय पाठ्यक्रम तयार पारी पठनपाठनको व्यवस्था मिलाइएको छ । उक्त पाठ्यक्रमलाई पाठ्यपुस्तकका रुपमा छपाईको काम गरि प्रत्येक विद्यालयका विधार्थीहरुकाई वितरण गरिने छ ।

यस गाउँपालिका वडा नं ४ स्थित श्री चन्द्रप्रकास माविमा कृषि बालि बिज्ञान सम्वन्धि कक्षा ९-१२ र धर्मोदय माविमा संचालन हुँदै आएको पशु बिज्ञान १८ महिनेलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै लगिने छ ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी**

हालसम्म गाउँपालिकामा कम्तिमा १५ किमि कृषि सडक निर्माण भएकोछ । कृषि तथा सहकारी संस्थालाई व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएको छ । गाउँपालिका भित्र रहेका पर्यटकीय गन्तव्य तथा स्थलहरूको संरक्षण र प्रवर्धन गर्ने कामलाई अगाडी बढाइएको छ। यस पालिकाको पर्यटकीय क्षेत्रको रुपमा परिचित वडा नं १ खलाडिल हटिनाथ गुरामन्दिर परिसर साथै ताँजाकोट र अदानचुलीको सगँम स्थान मदाना खोला झारमाडौ मन्दिरको काम कार्य सम्पन्न भइसकेको हुनाले अवका दिनमा पर्यटकिय गन्तव्यको रुपमा परिचित गराइने कार्यक्रम अगाडी बढाइने छ । यस गाउँपालिकाको चिरपरिचित क्षेत्रको रुपमा रहेको रामठाउँ, बदेलचौर माइमन्दिर परिसरको आ.व. २०८३/८४ आवश्यक बजेटको व्यवस्था भइसकेको हुनाले काम कार्य अगाडी बढाइ सो क्षेत्रलाइ पनी पर्यटकिय क्षेत्रको रुपमा पर्यटन विकासको लागि सरोकारवाला निकायसँगको साझेदारीमा निर्माण कार्यलाई अगाडी बढाइने छ । उक्त पर्यटकीय क्षेत्रको दिगो पर्यटन प्रर्वधन गर्न आवश्यक नपुग रकमको व्यवस्थाको लागि गाउँपालिकाको आफ्नै श्रोत र सरोकारवाला निकायसँगको समन्वय, सहकार्य र सहयोगमा निर्माण कार्यलाई निरन्तरता दिइने छ । यस पालिकामा रहेका पर्यटकीय क्षेत्रहरुको आसपास तथा बाटोमा बिभिन्न खालका होटल तथा रिसोर्टहरु निर्माण गरि संचालन गर्ने व्यक्तिलाई विशेष सहुलियत प्रदान गरिने छ भने इको टुरिजमका माध्यमबाट बेरोजगार युवा जनशक्तिलाई रोजगारीका क्षेत्रमा आवद्ध गरिने छ । जसका कारणले हाल विद्यमान अवस्थामा रहेको बेरोजगारी समस्यमा केहि हदसम्म भएपनि समाधान हुनेछ भन्ने विश्वास लिएको छु ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्था**

लालकेशरा जैसी
अध्यक्ष

गाउँ ताँजाकोट गाउँपालिका
कार्यपालिकाको कार्यालय
चाबुरे, हुम्ला
कर्णाली प्रदेश, नेपाल

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार क्षेत्र व्यवस्थापनलाई समेट्ने बिस्तृत गुरुयोजना निर्माण गरि काठ, दाउरा, जडिवुटी, पर्यावरण विस्तार गरिने छ । गाउँपालिकामा रहेका सवै सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन व्यवस्थापनका प्रणालीको प्रारम्भ गरिने छ।

दिगो फोहर व्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित फोहोर विसर्जनको व्यवस्था गरिने छ ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

गाउँपालिकाले १३ वटा ऐन, १ नियमावली, ३० कार्यविधि, १ निति , ३ निर्देशिका र १ प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। उक्त निर्माण भएका ऐन, नियमावली, निर्देशिका, कार्यविधि हरुलाई सबैमाझ पुर्याउन सरलताको लागि ऐन संग्रह तयार गरि कार्यान्वन गरिने छ । गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्य विवरण तयार गरी कार्यान्वयनमा ल्याइने छ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) मा ७५ अंक प्रास गरि हुम्ला जिल्लामा तेस्रो स्थान हासिल गरेको छ ।

अधिकार प्राप्त भएको तर आर्थिक अधिकार कम भइ संघीय संरकारको मुख ताक्नु पर्ने अवस्थालाई कम गर्न राजश्व सुधार कार्ययोजना निर्माण तथा कार्यान्वयन गरि आन्तरिक राजश्वका स्रोतका दायरामा केहि परिवर्तन गरि पालिकाको आन्तरिक आम्दानी बढाउने लक्ष्य लिइने छ ।

**(च) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

गाउँसभा सदस्य ज्यु,
अब म आ.व. २०८३/८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

**क. शिक्षा**

"ताँजाकोटको दिगो आधारः गुणस्तरीय, प्रविधिमैत्री र जीवनोपयोगी शिक्षा"

१. गुणस्तरीय शिक्षाको लागि गाउँपालिका अध्यक्ष कार्यक्रम (मुख्य रणनीति): गाउँपालिकाको सामाजिक विकासको मुख्य आधारशिला शैक्षिक प्रणाली नै भएको र विद्यालयमा अध्ययनरत् विद्यार्थीहरू नै विकासका संवाहक भएकाले उनीहरूको सर्वाङ्गीण विकास गर्न, विद्यालयहरूको शैक्षिक गुणस्तरमा उल्लेखनीय सुधार ल्याउन र छरिएका शैक्षिक कार्यक्रमहरूलाई एकीकृत रूपमा सञ्चालन गर्न

लालकेशर धैसी
अध्यक्ष

"गुणस्तरीय शिक्षाको लागि गाउँपालिका अध्यक्ष कार्यक्रम" लाई गाउँपालिकाको शैक्षिक गौरवको कार्यक्रमका रूपमा निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ।

२. विद्यालय समायोजन तथा प्रधानाध्यापक छनोट कार्यविधि (सुशासन र नेतृत्व): भौगोलिक रूपमा छरिएका र न्यून विद्यार्थी संख्या भएका विद्यालयहरूमा स्रोत साधनको दोहोरोपन अन्त्य गरी शैक्षिक गुणस्तर र वित्तीय सक्षमता कायम गर्न 'विद्यालय समायोजन (मर्ज) कार्यविधि' कडाइका साथ लागू गरिनेछ। साथै, विद्यालयको प्रशासनिक र शैक्षिक नेतृत्वलाई राजनीतिक प्रभावमुक्त, जवाफदेही र सक्षम बनाउन वस्तुनिष्ठ मापदण्डका आधारमा 'प्रधानाध्यापक छनोट तथा व्यवस्थापन कार्यविधि' तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

३. शिक्षक दरबन्दी मिलान तथा गाउँपालिका अनुदान शिक्षक (शिक्षक व्यवस्थापन): सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी नमिल्दा पठनपाठन प्रभावित भएकाले 'शिक्षक दरबन्दी मिलान कार्यविधि' मार्फत दरबन्दी सन्तुलन मिलाइनेछ। दुर्गम क्षेत्रका माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षकको अभावलाई पूर्ण रूपमा अन्त्य गरी विद्यार्थीको नतिजामा सुधार ल्याउन गाउँपालिकाको आफ्नै आन्तरिक स्रोतबाट 'गाउँपालिका अनुदान शिक्षक' को दरबन्दी सिर्जना गरी पदपूर्तिको कार्यक्रमालाई निरन्तरता दिइनेछ ।

४. प्रारम्भिक बालविकास (ECED) र विद्यालय कर्मचारी व्यवस्थापन (जग सुदृढीकरण): बालबालिकाको सिकाइको मुख्य जग प्रारम्भिक बालविकास केन्द्रहरू हुन्। न्यून सेवा-सुविधाका कारण बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरूमा रहेको निराशा चिर्न र उनीहरूको मनोवल उच्च बनाई विद्यालयको दैनिक प्रशासन र प्रारम्भिक सिकाइलाई मजबुत बनाउन गाउँपालिकाको तर्फबाट थप आर्थिक प्रोत्साहनको व्यवस्था मिलाइनेछ।

५. प्रधानाध्यापक तथा शिक्षक प्रोत्साहन र क्षमता विकास (पेसागत उत्प्रेरणा): भौगोलिक विकटताका बीच कार्यक्षेत्रमा खटिएका शिक्षक र प्रधानाध्यापकहरूको कार्यसम्पादनप्रति जवाफदेहिता बढाउन र उनीहरूको कार्यदक्षता अभिवृद्धि गर्न 'कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता' को व्यवस्था गरिनेछ। संघीय शिक्षा नीतिको मार्गदर्शन अनुरूप शिक्षकहरूलाई आधुनिक शिक्षण विधि र आइसिटी (ICT) सम्बन्धी पुनर्ताजगी तालिम दिई कक्षाकोठाको सिकाइलाई आधुनिक र रोचक बनाइनेछ।

६. उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थी पुरस्कार (सकारात्मक प्रतिस्पर्धा): शैक्षिक क्षेत्रमा आबद्ध जनशक्ति र विद्यार्थीहरूमा सकारात्मक प्रतिस्पर्धाको भावना विकास गर्न, इमानदारिताका साथ काम गर्ने वातावरण निर्माण गर्न र उत्कृष्ट नतिजा हासिल गर्न उत्प्रेरित गर्ने उद्देश्यले गाउँपालिका स्तरीय 'उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक, उत्कृष्ट प्रधानाध्यापक र जेहेन्दार विद्यार्थी पुरस्कार तथा सम्मान' प्रणाली स्थापना गरिनेछ।

७. गाउँपालिका स्तरीय परीक्षा र अतिरिक्त क्रियाकलाप (मूल्याङ्कन र प्रतिभा प्रस्फुटन): गाउँपालिका भित्रका सबै विद्यालयहरूको सिकाइ उपलब्धिमा एकरूपता ल्याउन, परीक्षाको विश्वसनीयता र मर्यादा कायम गर्न 'गाउँपालिका स्तरीय वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन' प्रणालीलाई चुस्त बनाइनेछ। साथै, विद्यार्थीहरूको अन्तर्निहित क्षमता, मानसिक तथा शारीरिक विकासका लागि गाउँपालिका अध्यक्ष कार्यक्रम अन्तर्गत वार्षिक शैक्षिक क्यालेन्डर बनाई 'गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप (ECA)' नियमित सञ्चालन गरिनेछ।

८. सूचना प्रविधिमैत्री विद्यालय र EMIS सुदृढीकरण (विद्युतीय सुशासन): ताँजाकोटका विद्यार्थीहरूलाई आधुनिक डिजिटल युगसँग जोड्न र परम्परागत शिक्षण विधिलाई रूपान्तरण गर्न विद्यालयहरूलाई सूचना प्रविधिमैत्री (ICT Enabled) बनाइनेछ। शैक्षिक तथ्याङ्क, शैक्षिक पात्रो, विद्यार्थीको अभिलेख र विद्यालय-अभिभावक सञ्चारलाई पारदर्शी र व्यवस्थित गर्न एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई अनिवार्य रूपमा लागू गरिनेछ। शिक्षक र कर्मचारीको पारिश्रमिकलाई शतप्रतिशत बैंकिङ प्रणाली मार्फत मासिक रूपमा सोझै खातामा जम्मा हुने व्यवस्थालाई निरन्तरता दिइनेछ।

९. बहुआयामिक छात्रवृत्ति व्यवस्था (आवासीय, प्राविधिक र उच्च शिक्षामा पहुँच):

- आवासीय छात्रवृत्ति :दुर्गम र भौगोलिक रूपमा विकट बस्तीबाट दैनिक विद्यालय आवतजावत गर्न नसक्ने विद्यार्थीहरूको शिक्षाको निरन्तरताका लागि आवासीय छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- प्राविधिक आवासीय छात्रवृत्ति :गाउँपालिकामा प्राविधिक जनशक्ति उत्पादन गरी स्वरोजगारी सिर्जना गर्न र आत्मनिर्भरता बढाउन 'प्राविधिक धार) Technical Stream)' मा अध्ययन गर्ने विद्यार्थीहरूका लागि विशेष प्राविधिक आवासीय छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- उच्च शिक्षा छात्रवृत्ति :गरिबी र आर्थिक अभावका कारण जेहेन्दार विद्यार्थीहरू उच्च शिक्षाबाट वञ्चित हुन नपरोस् भनी दलित, महिला, विपन्न तथा उत्कृष्ट विद्यार्थीहरूका लागि उच्च शिक्षा अध्ययन छात्रवृत्तिको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. स्थानीय पाठ्यक्रम र प्रयोगात्मक शिक्षा (जीवनोपयोगी सिकाइ): शिक्षालाई केवल सैद्धान्तिक ज्ञानमा मात्र सीमित नराखी ताँजाकोटको आवश्यकता, भूगोल र श्रमसँग जोड्नका लागि विकास गरिएको स्थानीय पाठ्यक्रम को पठनपाठनलाई निरन्तरता दिइनेछ। स्थानीय सांस्कृतिक पहिचान, परम्परागत सीप र रैथाने ज्ञानको बोध गराउन अवलोकन भ्रमण, अभ्यास कक्षा र प्रयोगात्मक विधिलाई प्राथमिकता दिइनेछ।

११. बालमैत्री तथा अपाङ्गतामैत्री पूर्वाधार निर्माण (सुरक्षित र समावेशी वातावरण): अपाङ्गता भएका र साना बालबालिकाहरूको भौतिक पहुँच सुनिश्चित गर्न र प्राकृतिक जोखिमबाट विद्यालयलाई सुरक्षित

बालकृष्ण जैसी
अध्यक्ष

राख्न आगामी दिनमा निर्माण हुने पूर्वाधारहरू अनिवार्य रूपमा बालमैत्री, अपाङ्गतामैत्री र दिगो संरचनाका रूपमा मात्र निर्माण गर्न लगाइनेछ। विद्यालयहरूमा आधुनिक पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको क्रमशः विस्तार गर्दै स्वच्छ खानेपानी र लैंगिकमैत्री सरसफाइ (WASH) को प्रत्याभूति गरिनेछ।

१२. हेलो अभिभावक कार्यक्रम र नमूना कोचिङ कक्षा (नियमितता र उपचारात्मक सिकाइ): विद्यार्थीहरूको विद्यालयमा नियमितता बढाउन, बिचमै सिकाई छाड्ने (ड्रप-आउट) दरलाई शून्यमा झार्न र घरको सिकाइ वातावरण सुधार्न प्रविधिको प्रयोग गरी "हेलो अभिभावक कार्यक्रम" सञ्चालन गरिनेछ। साथै, सिकाइ स्तर कमजोर भएका विद्यार्थीहरूलाई अन्य सरह प्रतिस्पर्धी बनाउन अभिभावकको साझेदारीमा 'नमूना कोचिङ तथा उपचारात्मक कक्षा' सञ्चालन गरिनेछ।

१३. सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम प्रोत्साहन (निजी सरहको गुणस्तर): सामुदायिक विद्यालयप्रतिको आकर्षण बढाउन र निजी विद्यालयमा महँगो शुल्क तिर्नुपर्ने अभिभावकहरूको बाध्यता अन्त्य गर्न अङ्ग्रेजी माध्यमबाट शिक्षण गराउन इच्छुक र मापदण्ड पुगेका सामुदायिक विद्यालयहरूलाई पूर्वाधार, पाठ्यपुस्तक र शिक्षक व्यवस्थापनमा विशेष प्याकेज र प्रोत्साहन उपलब्ध गराइनेछ।

१४. यस ताँजाकोट गाउँपालिकाको वडा नं. ३, ४ र ५ का मानव विकास सुचकाङ्कमा पछि परेका दलित बस्तीहरूको सामाजिक-आर्थिक रूपान्तरणका लागि आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्म सञ्चालित ५ वर्षे 'रेड जोन उत्थान कार्यक्रम' लाई थप सुदृढ बनाइनेछ; जस अन्तर्गत लक्षित वर्गको शैक्षिक गुणस्तर सुधार, महिला उद्यमशीलता विकास र बालविवाह न्यूनीकरण जस्ता उद्देश्य हासिल गर्न पारदर्शी बैंकिङ भुक्तानी र सघन अनुगमन प्रणालीको कार्यनीति अवलम्बन गरिनेछ, जसबाट आगामी वर्षहरूमा लक्षित समुदायको मानव विकास सूचकाङ्कमा गुणात्मक वृद्धि र पूर्ण आत्मनिर्भरताको प्रतिफल सुनिश्चित हुनेछ।

**ख। संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१। गाउँपालिकालाई वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा गाउँपालिकाको वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला निर्माणामा जोड दिइनेछ ।

२। गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गरी त्यसको संरक्षण गर्ने नीति लिइनेछ।

३। गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्नका लागि ताँजाकोट गाउँपालिकाको प्रथम साँस्कृतिक तथा कृषि पर्यटन मेलाको आयोजना गरिने छ । यसको मद्दतबाट गाउँपालिका भित्रका भाषा संस्कृति

खानपिन भेषभुषा लगायतका पुराना सांस्कृतिक धरोहरहरुको संरक्षणमा टेवा पुग्ने अनुमान गरिएको छ ।

४। गाउँपालिका भित्र सवै ठाँउमा बिभिन्न अवसरमा मनाइने स्थानीय जात्रा चाडपर्वलाई प्रोत्साहन र संरक्षण गर्न जोड दिइने छ ।

### ग। युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. खेलकुद विकासका लागि गाउँपालिका स्तरमा फुटबल मैदान, कभर्डहलसहित व्याडमिन्टन कोर्ट निर्माण तथा प्रत्येक वडामा कम्तीमा एक सुविधासम्पन्न भलिबल मैदान निर्माण गरिनेछ। साथै विद्यमान खेल मैदानहरूको मर्मत–सम्भार र संरक्षणमा विशेष ध्यान दिइनेछ।

२. खेलकुद प्रवर्द्धनका लागि वार्षिक रूपमा कम्तीमा एक पटक गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ तथा खेलकुद विकासलाई दिगो बनाउन आकर्षक पुरस्कार राशिको व्यवस्था गरिनेछ।

३. दुर्व्यसनमा परेका युवाहरूका लागि निरोधात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक कार्यक्रम सञ्चालन गरी उनीहरूको पुनर्स्थापना गरिनेछ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरूको सीप र ज्ञान उपयोग गर्दै स्थानीय आर्थिक विकास योजनाअन्तर्गत नवप्रवर्तनशील तथा उद्यमशील कार्यक्रमसँग आवद्ध गरिनेछ।

५. "विदेश होइन व्यवसाय" भन्ने भावनालाई प्रवर्द्धन गर्दै युवा उद्यमशीलता विकास कार्यक्रममार्फत आफ्नै क्षेत्रमा उद्यम स्थापना र सञ्चालन गर्न प्रेरित गरिनेछ।

६. युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वयमा सीप तथा उद्यमशील क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

७. विपन्न तथा गरिब परिवारका युवाहरूलाई इलेक्ट्रोनिक्स मर्मत, प्लम्बिङ, इलेक्ट्रिसियन, ब्युटी पार्लर, होटल म्यानेजमेन्ट, पशुपालन तथा तरकारी खेती जस्ता सीपमूलक तालिम प्रदान गरी स्वरोजगार तथा जीविकोपार्जनमा सहजीकरण गरिनेछ।

### घ। लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गरिनेछ। उपभोक्ता समितिमा कम्तीमा ३३% महिला सहभागिता सुनिश्चित गरिनेछ र एक तिहाइ योजनाको अध्यक्ष पदमा महिलाको नेतृत्व सुनिश्चित गर्ने नीति लागू गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, दलित, भूमिहीन, अति गरिब, आदिवासी जनजाति तथा सामाजिक रूपमा पछाडि परेका वर्गहरूको उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता नीति अवलम्बन गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति अद्यावधिक गरी वार्षिक लैङ्गिक तथा सामाजिक परीक्षण गरिनेछ। क्षमता विकास तथा सशक्तिकरण कार्यक्रममार्फत लक्षित वर्गलाई मूलप्रवाहमा ल्याइनेछ।

४. दलित समुदायले परम्परागत रूपमा गर्दै आएका पेशाहरूलाई आधुनिक प्रविधिसहित व्यवसायिक उद्यममा रूपान्तरण गर्न सरोकारवाला निकायसँग सहकार्य र लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

५. प्रत्येक बस्ती तथा टोलमा टोल विकास संस्था गठन गरी सामाजिक रूपान्तरण, विकास व्यवस्थापन तथा सामाजिक विकृति न्यूनीकरणमा परिचालन गरिनेछ।

६. अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापनाका लागि पुनर्स्थापना गृह स्थापनाका लागि पहल गरिनेछ।

७. घरेलु हिंसा पीडित महिला तथा बालबालिकाका लागि संकट व्यवस्थापन केन्द्र स्थापना गरी संरक्षण तथा सेवा प्रवाह गरिनेछ।

८. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलता नीति कार्यान्वयन गरिनेछ तथा पीडित संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

९. गाउँपालिकाको बजेट तथा कार्यक्रमलाई लैङ्गिक तथा सामाजिक रूपमा समावेशी बनाइनेछ।

१०. महिला उद्यमशीलता प्रवर्द्धन गर्न महिलाद्वारा सञ्चालित व्यवसायहरूलाई कर छुटको व्यवस्था गरिनेछ।

११. गर्भवती महिलाका लागि आमा सुरक्षा कार्यक्रम तथा नवजात शिशुका लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

१२. बाल क्लब तथा बाल सञ्जाललाई प्रभावकारी रूपमा परिचालन गरिनेछ।

१३. प्रारम्भिक बाल विकास केन्द्रहरूको भौतिक पूर्वाधार स्तरोन्नति गरी बालमैत्री वातावरण विकास गरिनेछ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१। पालिका भित्रका सर्वसाधारण नागरिकहरुलाई स्वास्थ्य सम्बन्धि संवैधानिक व्यवस्थालाई सहज सरल र छिटो छरित तथा प्रभावकारी बनाउन यस पालिका भित्रका दुइवटै स्वास्थ्य चौकी र ४ वटा ३ वटा सामुदायिक स्वास्थ्य इकाइहरुको भौतिक व्यवस्थालाई थप सुदृढ र प्रभावकारी बनाइने छ ।स्वास्थ्यमा नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ गाउँपालिका क्षेत्र भित्र स्वास्य चौकी, आधारभूत स्वास्थ्य केन्द्रको स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित बनाइनेछ ।

२। नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।

३। सामुदायिक विद्यालयहरुमा अध्ययरत विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

४। बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

लालकेश जोशी
अध्यक्ष

५. आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवालाई थप प्रभावकारी गरिनेछ।
६. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको प्रयोगलाई पूर्ण रुपमा निशेध गर्ने नीति लिइने छ ।
७. गाउँपालिकाक्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गर्न डिभिजन वन कार्यालय हुम्ला तथा अन्य सरोकारवाला निकायहरुसँगको समन्वय समझदारी सहकार्यमालाई प्रभावकारी बनाइने छ ।
८. महिला स्वयंसेविकाहरुको दक्षता क्षमताको विकास गरि समयसापेक्ष बनाइ सोसँग सम्बन्धित समय अनुसारका तालिमको व्यवस्थापनका लागि उचित बजेटको व्यवस्था गरिने छ ।
९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
१०. सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने नेपाल सरकारको नीतिलाई निरन्तरता गराउन विशेष पहल गरिने छ ।
११. सुनौलो १००० दिनका आमा तथा विपन्न परिवारका लागि आयआर्जन अनुदानलाई प्रभाकारी कार्यान्वियन तथा अनुगमन गरिनेछ साथै जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिने छ।
१२. यस गाउँपालिकामा हाल संचालनमा रहेको मोबाइल हेल्थ क्यामलाई थप व्यवस्थित गरि निरन्तर रुपमा अगाडी बढाइने छ ।
१३. बहुक्षेत्रीय पोषण योजना तेश्रो) MSNP-III) लाई प्रभावकारी कार्यान्वय गरिने छ र स्थानीय तहको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रणालीमा संस्थागत गरिने छ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

२.१ गाउँपालिकाको बृहत् हितलाई ध्यानमा राखी आवधिक योजना तथा मध्यकालीन खर्च संरचना (MTEF) तयार गरी सोही आधारमा विकास कार्य सञ्चालन गरिनेछ। साथै, स्थानीय प्रतिस्पर्धी वस्तु तथा सेवाको पहिचान गरी उत्पादनदेखि बजारीकरणसम्मको मूल्य श्रृंखला विकास गर्न गाउँपालिका, निजी क्षेत्र र सहकारी (समुदाय) को सहकार्यमा स्थानीय आर्थिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

२.२ स्थानीय आर्थिक विकासका सम्भावना पहिचान तथा व्यवसायिक परिचालनका लागि सार्वजनिक–निजी–सहकारी साझेदारीमा आधारित स्थानीय आर्थिक विकास संवाद मञ्च गठन गरी व्यवसायमैत्री वातावरण प्रवर्द्धन गरिनेछ।

२.३ नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न स्टार्टअप इकोसिस्टम विकासका लागि उद्यमशाला सञ्चालन गरिनेछ। यसअन्तर्गत पूर्वाधार विकास, वित्तीय साक्षरता, सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा विशिष्टिकृत वस्तुहरूको उत्पादन र बजारीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

## क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. उद्योग वाणिज्य संघ तथा निजी क्षेत्रसँग साझेदारी गरी उद्योग, व्यापार तथा लगानीमैत्री वातावरण सिर्जना गर्दै औद्योगिक पूर्वाधार तथा औद्योग्रिक प्रदर्शनी स्थल विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

२. उद्योग तथा व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण र नामसारी प्रक्रियालाई सूचना प्रविधिमैत्री, सरल र प्रभावकारी बनाइनेछ।

३. पर्यटन गुरुयोजना तर्जुमा गरी पर्यटन पूर्वाधार, पर्यटकीय सडक सञ्जाल, पदमार्ग तथा गन्तव्यस्थलहरूको विकासमार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ।

४. स्थानीय जातजातिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा परम्परागत सम्पदाको संरक्षण, प्रवर्द्धन र प्रचार–प्रसारका लागि वृत्तचित्र निर्माण, होमस्टे प्रवर्द्धन तथा स्थानीय अर्गानिक परिकारको प्रवर्द्धन गरिनेछ।

५. कवाडी जिरो प्वाइन्ट, बदेलचौर, मदाना खोला लगायत प्रमुख पर्यटकीय क्षेत्रहरूको विकास गरी पर्यटक आकर्षणका लागि डिजिटल डिस्प्ले, सूचना बोर्ड तथा अन्य पूर्वाधार निर्माण गरिनेछ।

६. अन्तरपालिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध विस्तार गर्दै असल अभ्यास आदान–प्रदानमार्फत पर्यटन तथा आर्थिक विकासलाई प्रवर्द्धन गरिनेछ।

## ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२. स्थानीय विउ बैकको स्थापना गरि किसानहरुलाई सहज र सरल तरिकाले उन्नत जातका विउविजन वितरण गरिने छ ।

३. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।

४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई स्थानीय उत्पादनलाई विशेष प्राथमिकतामा राखी त्यसको संरक्षण तथा प्रर्बद्धन गरिने छ ।

५. किसानहरुले उत्पादन गरेका उपजहरुको संरक्षण र व्यवस्थापनका लागि कृषि वीमाको व्यवस्था गरिने छ । विपदको कारणबाट भएको कृषि उपजको क्षेतिका लागि सरोकारवाला निकायसँगको समन्वय र सहयोगमा आवश्यक राहतको व्यवस्था गरिनेछ ।

६. गाउँपालिका स्तरबाट पालिका भित्रका उत्कृष्ट किसान छनोट गरि पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

७. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

लालबहादुर ... अध्यक्ष

नैजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाफुरे, हुम्ला
कर्णाली प्रदेश, नेपाल

८। तरकारी उत्पादनको लागि व्यावसायिक, करेसावारी, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी जनताको जीवतस्तर सुधार गर्ने नीति लिइनेछ ।

९। राष्ट्रिय पशु स्वास्थ्य नीति अनुरूप पशुपन्छीका विभिन्न प्रकारका रोगहरुको निदान, प्राथमिक उपचार तथा रोगको रोकथाम र नियन्त्रण कार्यलाई प्राथमिकतामा राखी खोप अभियान, गोठालो शिक्षा र निःशुल्क वा सहुलियत दरमा औषधी तथा उपचार सेवा प्रदान गरिनेछ।

१०। साना किसान, महिला तथा विपन्न परिवारलाई पोषण संवेदनशील कृषि कार्यक्रमसँग जोडिने छ। .खाद्य तथा पोषण सुरक्षाका लागि कृषि विविधीकरण कार्यक्रम सञ्चालन गरिने छ।

११। व्यावसायिक पशुपालन तालिम, उत्कृष्ट कृषकलाई प्रोत्साहन अनुदान, र पशु बीमा कार्यक्रम मार्फत पशुपालन व्यवसायलाई थप प्रतिस्पर्धी बनाउदै निर्वाहमुखी पशुपन्छीपालनलाई व्यवसायिकरण र दिगो बनाउँदै उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।

१२। पशुपंक्षीको उत्पादन, प्रशोधन र बजारीकरणमा सहयोग गर्ने तथा उपभोक्ताको खाद्य सुरक्षाका लागि मासु पसलका गुणस्तर अनुगमन गर्ने र उपभोक्ता हक संरक्षण ऐन २०५५ साथै पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ लाई लागु गरिनेछ।

१३। राष्ट्रिय महत्वका प्रमुख रोगहरुको रोकथाम तथा नियन्त्रणमा संघ र प्रदेशसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

१४। भेडा प्रवर्धन कार्यक्रम मार्फत उन तथा व्यवसायिक भेडा पालनमा सहुलियत अनुदानको रुपमा व्यवस्थित खोर ,सन्तुलित आहरा ,परजीवि नियन्त्रण ,जस्ता आधारभुत कार्यहरु र जैविक सुरक्षाका विधि तथा प्राविधिक परामर्श सेवाहरु प्रदान गरिनेछ।

१५। प्राविधिक जनशक्तिको क्षमता विकासका लागि नविनतम प्रविधिका वारेमा अध्ययन तालिम तथा स्थलगत भ्रमणको प्रवन्ध मिलाउने साथै पशुपन्छी शाखाको रोग परिक्षण क्षमता अभिवृद्धी गरिनेछ।

१६। युवालाई कृषि तथा पशुपन्छीपालनमा आकर्षण गराउन आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक सहुलियत प्रदान गर्दै सिप विकास र रोजगार प्रबर्धनको लागि कृषि नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ।

**ग। सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका भित्रका सहकारी संस्थाहरूको अभिलेख व्यवस्थापन सुदृढ गरिनेछ, निष्क्रिय सहकारीहरूलाई पुनः सञ्चालनमा ल्याउन आवश्यक सहयोग गरिनेछ तथा निरन्तर निष्क्रिय रहेका सहकारीहरूको कानुनबमोजिम दर्ता खारेजी प्रक्रिया अघि बढाइनेछ।

२. सहकारी संस्थाहरूमा संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताको हित संरक्षणका लागि प्रभावकारी अनुगमन तथा नियमन व्यवस्था गरिनेछ।

३. उत्पादनमूलक सहकारीहरूको पुँजी संरक्षण, संस्थागत सुदृढीकरण तथा नागरिकको विश्वास अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

लालकेश जैसी
अध्यक्ष

४. कृषि समूह, निजी फर्म तथा सहकारी संस्थाको दर्ता तथा नवीकरण प्रक्रियालाई थप व्यवस्थित, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाइनेछ।

५. सहकारीमार्फत पुँजी संकलन तथा परिचालन गरी उत्पादनशील गतिविधि, स्वरोजगार सिर्जना र गरिबी न्यूनीकरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. कृषि लगायत विषयगत सहकारीहरूलाई आफ्नो कार्यक्षेत्रअनुसार लगानी तथा सेवा प्रवाह गर्न प्रोत्साहित एवं नियमन गरिनेछ।

**घ। रोजगार सम्बन्धि नीति**

१। बेरोजगार ब्यक्तिहरुको विबरण संकलन र सुचिकरणलाइ थप व्यवस्थित र सरलिकरण गरिने छ ।

२। रोजगार सिर्जना सीप विकास तथा उद्यशिलता प्रवद्धन सम्बन्धि सेवा प्रवाहलाइ एकिकृत गर्न र रोजगार सेवा केन्द्रलाइ आन्तरिकण गर्दै रोजगार सिप तथा उद्यमशिलता केन्द्रका रुपमा रुपान्तरण गरि स्थानिय तह को अवश्यकता अनुसार लागत साझेदारीको व्यावस्था गरी स्रोत परीचालन गरिनेछ ।

३। नेपाल सरकार परराष्ट्र मन्त्रालयबाट प्राप्त हुने कन्सुलर तथा कानुनी परामरर्श सेवा मार्फत विदेश मा रहनुहुने नागरिकलाइ खोजतलास उद्दार बिदेशबाट मृतक को सव झिकाउने क्षतिपुर्तिका लागी निवेदन गुनासो समस्या कागजात वनाउने जस्ता आवस्यक सेवा मा सहजिकरण ताँजाकोट गाँउपालिका का सबै वडाहरुमा सुरुवात तथा प्रभावकारी रुपमा बिस्तार गरिनेछ ।

४। बैदेशिक रोजगारीका लागी श्रम स्विकृतको सहजिकरण सेवालाइ वडा स्तरमा विस्तार गरिनेछ ।

५। बैदेशिक रोजगार बोर्डको सचिवालयवाट प्रदान गरिने उद्दर तथा खोज तलास स्वास्थ्य उपचार सहयोग छात्रबृद्रि आदी कार्यमा सहजिकरण सेवा प्रणालीलाइ वडा स्तरमा बृद्रि गरीने छ ।

६। ताँजाकोट गाँउपालिका को स्थानिय पाठ्यक्रम हाम्रो ताँजाकोट अन्तर्गत हाम्रो पेशा व्यावसाय र प्रबिधि बिषयको अनुसन्धान प्रवद्रन तथा पेशागत परामर्श मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७। श्रमको सम्मान ताँजाकोट को अभियान लाइ निरन्तरता दिइनेछ ।

८। कृषि पशुपालन जडिबुडि प्रशोधन तथा संकलन प्लम्बिङ् इलेक्ट्रिसियन मिस्त्री सिलाइकटाइ डिजिटल साक्षरता तथा मोवाइल कम्प्यूटर तालिम मा माग बमोजिम बेरोजगारलाइ प्रथामिकता का आधारमा सिफारीस गरीने छ ।

९। स्टार्टअप अनुदान तथा सहुलियत रिण पहुच को सहजिकरण गरिनेछ ।

१०। करिएर काउन्सेलिङ् बैदेशिक रोजगार परामर्श वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

११। यस ताँजाकोट गाँउपालिका रहेको रोजगार सेवा केन्द्र र उद्यम शाखा लाइ एकिकृत गरी रोजगार सिप तथा उद्यम सिलता केन्द्र स्थापना गरी एकिकृत सेवा प्रवाह गरी सञ्चालन गरिनेछ।

१२। बैदेशिक रोजगार वोर्डवाट सञ्चालन हुने बैदेशिक रोजगारी फर्किएका यूवा लक्षित पुन एकिकरण कार्यक्रम सञ्चालन गरिनेछं ।

३। सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. पत्रकार महासंघ तथा स्थानीय सञ्चार माध्यमहरूसँग सहकार्य गरी जनहितकारी सूचना प्रवाह, गाउँपालिकाका निर्णय तथा सूचनामा सञ्चार माध्यमको पहुँच अभिवृद्धि गर्दै खुला सरकारको अवधारणा कार्यान्वयन गरिनेछ।

२. पारदर्शिता, जवाफदेहिता तथा नागरिकमैत्री सेवा प्रवाहका लागि ई–गुनासो व्यवस्थापन प्रणाली, सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखापरीक्षण तथा चौमासिक समीक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

३. स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाइन सञ्चार माध्यम तथा सञ्चार संस्थाहरूको प्रवर्द्धन गरिनेछ र विज्ञापन तथा सार्वजनिक सूचनामा स्थानीय सञ्चार माध्यमलाई प्राथमिकता दिइनेछ।

४. नागरिकको सूचनाको हक सुनिश्चित गर्दै गाउँपालिकालाई सूचना–मैत्री बनाइनेछ।

५. सेवा प्रवाहलाई सहज, छिटो र व्यवस्थित बनाउन गाउँपालिकामा टोकन प्रणाली लागू गरिनेछ।

४। न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरूको छिटो, निष्पक्ष र प्रभावकारी निरूपणका लागि आवश्यक नीति, कानून तथा संस्थागत व्यवस्था सुदृढ गरिनेछ।

२. न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धिका लागि तालिम, अनुभव आदान–प्रदान तथा विषयगत कार्यक्रम सञ्चालन गरिनेछ।

३. हालसम्म निर्माण भएका स्थानीय ऐन, नियम तथा कार्यविधिहरू संकलन गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानूनी व्यवस्था तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

५. न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन डिजिटल जस्टिस सिस्टम विकास तथा कार्यान्वयन गरिनेछ।

५। सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकाको स्रोत साधन, सेवा केन्द्र, पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था तथा रोजगारी सम्बन्धी विवरण समेटिएको विद्युतीय स्थानीय तह पार्श्वचित्र (Digital LG Profile) तयार गरी अद्यावधिक गरिनेछ।

२. सेवा प्रवाहप्रति नागरिक सन्तुष्टि मापन, गुनासो संकलन, सुनुवाइ तथा सम्बोधनलाई व्यवस्थित बनाइनेछ।

३. संस्थागत सुशासन र मानव संसाधन विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ–संस्थासँग सहकार्य गरिनेछ।

४. पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखापरीक्षण तथा सामाजिक परीक्षण सञ्चालन गरिनेछ।

५. जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि अध्ययन, अवलोकन, अनुभव आदान–प्रदान, तालिम तथा गोष्ठी सञ्चालन गरिनेछ।

६. नागरिक गुनासो तथा जिज्ञासाको व्यवस्थापनका लागि अनलाईन आधारित नागरिक गुनासो व्यवस्थापन प्रणाली लागू गरी गुनासो सुन्ने अधिकारी तोकिनेछ।

७. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्न बक्यौता, पेश्की तथा बेरुजु अद्यावधिक गरी असुलउपर, फछर्यौट तथा बेरुजु न्यूनीकरण कार्यलाई प्रभावकारी बनाइनेछ।

८. आवश्यकताअनुसार विषयगत विज्ञ, सहजकर्ता तथा परामर्शदाताको सेवा उपयोग गरिनेछ।

९. भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी सुझाव पेटिका स्थापना गरिनेछ।

१०. योजना, लेखा, नक्सापास, राजस्व लगायतका सेवाहरूलाई विद्युतीय प्रणालीमा आवद्ध गरी कागजरहित प्रशासनको विकास गरिनेछ।

११. "हाम्रो गाउँपालिका" मोबाइल एप सञ्चालन गरी सूचना, वडापत्र, प्रोफाइल लगायतका सेवा उपलब्ध गराइनेछ तथा सरोकारवालासँगको सहकार्यमा निःशुल्क वाइफाइ जोन विस्तार गरिनेछ।

१२. कर्मचारीहरूको उत्प्रेरणा अभिवृद्धिका लागि गाउँपालिकाको क्षमता अनुसार प्रोत्साहनमूलक सुविधा उपलब्ध गराइनेछ।

१३. आधारभूत वस्तु तथा सेवाको गुणस्तर सुनिश्चित गर्न नियमित बजार अनुगमन गरी अखाद्य तथा म्याद नाघेका वस्तुको बिक्री वितरण नियन्त्रण गरिनेछ।

१४. गाउँपालिका क्षेत्रभित्रका सरकारी भवनहरूको लागत विवरण तयार गरी अभिलेखीकरण गरिनेछ।

१५. असंगठित क्षेत्रका श्रमिकहरूको तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापन गरी सम्बन्धित रोजगार प्रणालीमा आवद्ध गरिनेछ।

१६. विपन्न तथा न्यून आय भएका परिवार पहिचान गरी परिचयपत्र वितरण तथा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१७. सार्वजनिक खर्चलाई वैज्ञानिक, अनुमानयोग्य तथा नतिजामुखी बनाउन मध्यकालीन खर्च संरचना (MTEF) लागू गरिनेछ।

१८. संघ, प्रदेश तथा अन्य स्थानीय तहसँग सहकार्य र समन्वय अभिवृद्धिका लागि आवश्यक नीति तर्जुमा गरिनेछ।

१९. कर्मचारीहरूको क्षमता विकास गरी सार्वजनिक सेवालाई नागरिकको घरदैलोसम्म पहुँचयोग्य बनाइनेछ।

२०. स्थानीय सरकारको दोस्रो कार्यकालको अन्तिम वर्षलाई "असल अभ्यास तथा सिकाइ आदान–प्रदान वर्ष" का रूपमा मनाई उत्कृष्ट अभ्यासहरूको संकलन, प्रकाशन, प्रचार–प्रसार तथा अनुभव आदान–प्रदान गरिनेछ।

२१. गुणस्तरीय, प्रभावकारी तथा जनमुखी सेवा प्रदान गर्ने कर्मचारीहरूलाई गाउँपालिकाको क्षमता अनुसार प्रोत्साहन भत्ता तथा सम्मान प्रदान गरिनेछ।

६। वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

क। खानेपानी तथा सरसफाई

१. खानेपानी समस्याको तत्काल, अल्पकालीन तथा दीर्घकालीन समाधानका लागि सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (DPR), स्रोत पहिचान तथा योजना निर्माण गरी उत्पादन र वितरण प्रणाली सुदृढ गरिनेछ।

२. जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी पानीका मुहान, जलाधार तथा सिमसार क्षेत्रहरूको संरक्षण एवं प्रवर्द्धन गर्दै खानेपानी र सिँचाइ आपूर्तिको व्यवस्था गरिनेछ।

३. मुहानविहीन तथा सुख्खा बस्तीहरूमा जल पुनर्भरण तथा वर्षाको पानी संकलन प्रविधि विस्तार गरिनेछ।

४. सडक किनारा तथा सार्वजनिक स्थानमा वृक्षारोपण अभियान सञ्चालन गरी वृक्षारोपण तथा संरक्षणमा योगदान गर्ने नागरिकलाई प्रोत्साहन गरिनेछ।

५. टोल विकास संस्था, सामाजिक संघ—संस्था तथा समुदायसँग सहकार्य गरी फोहोर संकलन, व्यवस्थापन तथा शून्य फोहोर प्रणालीमार्फत आधुनिक प्रविधिको प्रयोग गरी फोहोरको बहुउपयोग गरिनेछ।

६. अस्पतालजन्य फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाई सम्बन्धित निकायलाई जिम्मेवार बनाइनेछ तथा जथाभावी फोहोर फाल्नेलाई कानुन बमोजिम कारवाही गरिनेछ।

७. प्लास्टिकजन्य फोहोर न्यूनीकरणका लागि प्लास्टिक झोलाको प्रयोग निरुत्साहित गरिनेछ।

८. समुदायको सहकार्यमा उपयुक्त स्थान छनोट गरी सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन अभियान सञ्चालन गरिनेछ।

९. खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर र प्रभावकारिता अभिवृद्धिका लागि प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागू गरिनेछ।

ख। वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूसँग अनुकूलन क्षमता अभिवृद्धि गर्दै खाद्य सुरक्षामा असर नपर्ने गरी जलवायु उत्थानशीलता तथा न्यून हरितगृह ग्यास उत्सर्जनमा आधारित विकासलाई प्रवर्द्धन गरिनेछ।

२. हरित, दिगो, समावेशी तथा जलवायु उत्थानशील विकास (GRID Approach) अवलम्बन गरी श्रममुखी, नतिजामुखी र दिगो पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।

३. पूर्वाधार आयोजनाहरू कार्यान्वयनपूर्व वातावरणीय जोखिम तथा प्रभाव अध्ययन गरी कम तथा मध्यम जोखिमका आयोजनामा न्यूनीकरणका उपाय अपनाइनेछ भने उच्च जोखिमयुक्त आयोजना कार्यान्वयन गरिने छैन। आवश्यकताअनुसार बायो—इन्जिनियरिङ प्रविधिको प्रयोग गरिनेछ।

४. पूर्वाधार विकासका आयोजनामा वातावरणीय असर न्यूनीकरणका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरिनेछ।

लालबहादुर जैसी
अध्यक्ष

५. वृक्षारोपण, हरियाली प्रवर्द्धन, वन संरक्षण तथा हैसियत सुधारमार्फत जल, जमिन, वातावरण संरक्षण र जीविकोपार्जनका अवसर वृद्धि गरिनेछ।

६. पोखरी संरक्षण, पहिरो तथा गल्छी नियन्त्रण, नदी नियन्त्रण तथा पूर्वाधार संरक्षणमार्फत जलाधार, जलस्रोत र भूमिको संरक्षण तथा उत्पादन वृद्धि गरिनेछ।

७. भू–सूचना प्रणाली (GIS) को प्रयोग गरी जोखिमयुक्त क्षेत्रको नक्साङ्कन, जोखिम विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ।

८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु उत्थानशील योजना तर्जुमा गरी विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्उत्थानका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

९. ढुंगा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थ तथा अन्य प्राकृतिक स्रोतहरूको अनधिकृत एवं अवैज्ञानिक दोहन नियन्त्रण गरिनेछ।

१०. सार्वजनिक–निजी साझेदारीमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना तथा सञ्चालन गरी फोहोर संकलन, व्यवस्थापन र पुनःप्रयोगलाई प्रोत्साहन गरिनेछ।

११. भूकम्पीय जोखिम न्यूनीकरणका लागि भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माणलाई प्रवर्द्धन गरिनेछ र नयाँ स्थायी संरचनाहरू भवन निर्माण मापदण्डअनुसार निर्माण गर्न अनिवार्य गरिनेछ।

१२. विपद् व्यवस्थापन कोषलाई सुदृढ बनाई विपद् प्रभावित नागरिकलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ तथा कोषमा वार्षिक रूपमा रकम वृद्धि गर्दै लगिनेछ।

१३. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी जोखिमयुक्त क्षेत्रहरूको पहिचान, प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रम सञ्चालन गरिनेछ।

१४. संवेदनशील जलाधार क्षेत्रका जमिनहरूको अतिक्रमण नियन्त्रण गरी प्राकृतिक स्रोत तथा वातावरण संरक्षणलाई सुदृढ बनाइनेछ।

**७। भौतिक पूर्वाधार विकास शहरी योजना, वस्ति विकास, आवास तथा पुर्वाधार सम्बन्धी नीति तथा कार्यक्रम**

१। आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२। स्थानीय पूर्वाधार विकास प्रक्रियामा सुधारिएको विधि (Improvement Modality) अवलम्बन गरिनेछ।

३। पूर्वाधार विकासका आयोजना संचालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने समतामुलक बिकासको अवधारणाको रुपमा रहने पिछडिएका र कम विकसित क्षेत्रलाई मुल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरुको पहिचान गरि आयोजना बैंक तयार गरिने छ र सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

४। ताँजाकोट गाउँपालिका क्षेत्र भित्रका बाटो, सिंचाई, कुलो, नहर, पुल, सार्वजनिक भवन लगायतका पूर्वाधारहरुको लागत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS V2) मा राखिने छ र पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नति गर्न गाउँपालिकामा रहेको मर्मत सम्भार कोषको व्यस्थापन उच्चतम तवरले गरिने छ।

५। ताँजाकोट गाउँपालिकाको यातायात गुरुयोजना Municipal Transport Master Plan (MTMP) निर्माण गरि कार्यान्वयनमा ल्याइने छ । सो अनुसार प्राथमिकरण गरिएका सडकहरुको विस्तार एवं स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाइने छ साथै निर्माण कार्य पुरा भएका सडकहरुको लगत कट्टा गरि व्यवस्थित गरिने छ ।

६। गाउँपालिकाको भू-उपयोग योजना निर्माण गरि क्षेत्र निर्धारण तथा वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास र वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

७। दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

८। गाउँपालिका क्षेत्रमा निर्माण भएका सडकहरुको स्तरउन्नति गरि सहज यातायातको व्यवस्था मिलाइने छ ।

९। गाँउपालिकाबाट प्रदान गरिने प्राविधिक सहायता गुणस्तर सुधार गर्न प्राविधिक कर्मचारीका लागि विभिन्न तालिमको व्यवस्था गरिनेछ।

१०। यसै आर्थिक वर्षमा यस वडा नं ३ को मासपुर र वडा नं ५ को चिही गाउँलाई सडक सन्जालमा जोडिनेछ । सो कामका लागि गाउँपालिकाको आफ्नै श्रोत र अन्य साझेदार निकायसँगको सहकार्य र सहलगानीमा बजेटको व्यवस्थापन गरिनेछ ।

११। आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।

१२। एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

१३। गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

१४। एकीकृत बस्ति विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। गाउँपालिकाको गहनाको रुपमा रहेको पार्क, खुल्ला ठाउँ, सामुदायिक भवनलाई मर्मत तथा पुननिर्माण गरी सभा समारोहहरु संचालन गर्न प्राथमिकता दिइनेछ।

१५। विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

लालकेश जैसी
अध्यक्ष

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाछुरे, हुम्ला
कर्णाली प्रदेश, नेपाल

१६. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थल र शौचालयको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

१७. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१८. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै लगिनेछ ।

१९. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

२०. गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक विवरण तयार गरी सोको नियमित रुपमा मर्मत सम्भार गरिनेछ ।

२१. "एक वडा-एक पार्क" निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

२२. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

२३. पूर्वाधार विकासका योजनाहरुमा प्रयोग हुने सामाग्रीको गुणस्तर सुनिश्चित गर्न गुण परिक्षण अनिवार्य रुपमा ल्याबका सामाग्रीहरुको व्यवस्था मिलाइने छ ।

२४. जिल्ला दररेटलाई आधार मानी पालिकाले पनि आफ्नो पालिका दररेट निर्धारण गर्ने व्यवस्था मिलाइने छ ।

२५. सिंचाई तथा खानेपानीको अभाव भएका गाउँ बस्तीमा खानेपानी र सिंचाई सुविधाको व्यवस्थाका लागि लिफ्ट प्रणालीको बिकासको लागि सरोकारबाला निकायसँगको समन्वय र सह-लगानीमा सम्भाव्यता अध्ययन गरि कार्य अगाडि बढाइने छ ।

२६. बिभिन्न आर्थिक वर्षहरुमा घेरबार भएका जग्गाहरुको खाली भागमा अनिवार्य रुपमा नगदे बालीको रुपमा रहेका फलफुलका विरुवाहरु रोप्ने व्यवस्थालाई कडाइका साथ लागु गरिने छ ।

२७. ताँजाकोट गाँउपालिकाको आवास सुरक्षालाई दिगो भरपर्दो र उत्थानशिलका लागि घरमुलिहरुको निर्जिवन बिमाको लागि यस गाँउपालिकाबाट नीति लिइएको छ जसका लागि गाँउपालिकाबाट ८०% गाँउपालिका र २०% लागत साझेदारीमा निर्जिवन बिमा गरिनेछ।

८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत परिचालन तथा राजस्व प्रशासनलाई व्यवस्थित बनाउन आवश्यक ऐन, नियमावली तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. आन्तरिक आयका सम्भावित स्रोतहरूको अध्ययन, राजस्व बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा विकास साझेदारहरूको स्रोत परिचालनका लागि संघ, प्रदेश, स्थानीय सरोकारवाला तथा विकास साझेदारसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यून राख्दै करको दायरा विस्तार, प्रगतिशील कर प्रणालीको अवलम्बन तथा नयाँ राजस्वका क्षेत्रहरूको पहिचान गरिनेछ।

४. घरबहाल कर लगायत राजस्व चुहावट नियन्त्रण गर्न करदाताको अभिलेख अद्यावधिक, डिजिटल प्रणालीमार्फत सूचना प्रवाह तथा कर प्रशासनलाई प्रविधिमैत्री र करदातामैत्री बनाइनेछ।

५. गाउँपालिकाको स्वामित्वमा रहेका सम्पत्तिको बहाल तथा लिज व्यवस्थापनलाई बजार दरअनुकूल पुनरावलोकन गरिनेछ।

६. प्रचलित कानुनी व्यवस्थाअनुसार ढुंगा, गिट्टी, बालुवा लगायत प्राकृतिक स्रोतको व्यवस्थापन तथा राजस्व संकलनलाई प्रभावकारी बनाइनेछ।

७. करदाताको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदातालाई सम्मान तथा पुरस्कृत गरिनेछ र दक्ष जनशक्तिको परिचालनमार्फत डिजिटल कर संकलन प्रणालीलाई थप प्रभावकारी बनाई आन्तरिक आय अभिवृद्धि गरिनेछ।

अन्त्यमा,

वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई रचनात्मक र सकरात्मक सुझाव दिनु हुने सम्पुर्ण राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि, शिक्षक वर्ग, नागरिक समाज, बुद्धिजिवी वर्ग, तथा सम्पूर्ण आमा ,बुवा ,दाजुभाई दिदी बहिनीहरु लगायत सम्पूर्ण वडा अध्यक्ष ज्युहरु गाउँ कार्यपालिका सदस्यज्यू गाउँसभाका सदस्य ज्यूहरु सम्पूर्ण कमर्चारी हरुलाई हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु।

मितिः२०८३।०३।१० गते बुधवार

लालकेशी जसी
अध्यक्ष